## अल्पसंख्यक जातीयहरूको लागि
## समानता प्रबर्धन गर्नलाई वर्तमान र योजना बनाएको उपायहरू

### शिक्षा

सबै विद्यार्थीहरूको लागि सम्पूर्ण विकास प्राप्त गर्न उनीहरूलाई मद्दत गर्ने विचारसित उचित पढ्ने अवसरहरू प्रदान गर्न सरकारको शिक्षा नीति हो। शिक्षा ब्यूरोले गैर-चीनिया भाषी (NCS) विद्यार्थीहरूको लागि हाम्रो स्थानीय शिक्षा प्रणाली र फराकिलो समुदायभित्र उनीहरूको चाँडो एकीकरणमा सजिलो बनाउन शिक्षा सहायता प्रदान गर्नमा महत्व दिदँछ। हामीले स्पस्ट निर्देशन दिएका छौं अनि 2006/07 विद्यालय वर्ष देखि विभिन्न शिक्षा सहायता उपायहरू राखिएका छन्।

### NCS विद्यार्थीहरूका लागि चीनिया भाषा पाठ्यक्रमको पूरक मार्गदर्शक

सम्बन्धित सेवाहरू

- पूरक मार्गदर्शकले आवश्यकता भएको सबै NCS विद्यार्थीहरूका लागि एउटै पाठ्यक्रमको रूपरेखाको छाता मुनि विभिन्न पाठ्यक्रमको विधिहरू सुझाउ गर्दछ। जातिको वास्ता नगरी, यी पाठ्यक्रम विधिहरू NCS विद्यार्थीहरू भएको विद्यालयहरूमा सजिलै ग्रहण होस् भनि सुनिश्चित गर्न, दुवै प्राथमिक र माध्यमिक स्तरहरू भित्रको पढ्ने समाग्री र शिक्षण सन्दर्भ समाग्रीहरूको पैकेजहरूको श्रृंखलाहरू पूरक मार्गदर्शकको प्रकाशनसित मिलाउनको निम्ति विकसित गरिएको छ।

वर्तमानको उपायहरू

*पूरक मार्गदर्शक*

- पूरक मार्गदर्शक नोभेम्बर 2008 मा प्रकाशित भएको थियो अनि

डिसम्बर 2008 मा शिक्षण सन्दर्भ समाग्रीहरूको सम्बन्धित पैकेजहरूसित विद्यालयहरूलाई वितरण गरिएको थियो। शिक्षकहरूलाई पाठ्यक्रमसित घोलमिल हुनुमा सजिलो बनाउन कार्यशालाहरू आयोजित गरिएको छ।

*पढने समाग्रीहरू अनि शिक्षण संदर्भ समाग्रीहरू*

- दुवै प्राथमिक र माध्यमिक स्तरहरू भित्रको पढने समाग्रीहरूको पहिलो सेट, मार्च र जून 2009 मा दुई भागमा अपलोड गरिएको थियो अनि पाठ्यपुस्तकको रूपमा प्रकाशित प्रतिहरू क्रमश जून र सेप्टेम्बर मा  विद्यालयहरूमा पुर्याइदिएको थियो।

- पढने सन्दर्भ समाग्रीहरू, साथै हङकङको  विद्यालयहरूमा प्रयोग गर्नको लागि अंग्रेजी स्पस्टीकरणसित विभिन्न पढने साफ्टवेयर र चीनिया शब्द-भण्डारको वस्तुहरू, डिसम्बर 2008 देखि मई 2009 सम्म  विद्यालयहरूमा वितरण गरिएको थियो। सरकारी पुस्तक पसलमा प्रतिहरू बिक्रिको लागि उपलब्ध छन्।

भविष्यको कार्यको मुल्याङ्कन

- माथि दिएका उपायहरू  विद्यालय कार्यान्वयनको थोरै वर्षहरू पछि मल्यांकन गरिने छ।

लिएको/लिनुपर्ने थप उपायहरू

- पढने समाग्रीहरूको अन्तिम सेट जून 20102मा अपलोड गरिने छ र पाठ्यपुस्तकको रूपमा प्रकाशित प्रतिहरूसित सेप्टेम्बर 2010 मा विद्यालयहरूलाई पुर्याउने छ।

- NCS विद्यार्थीहरूको चीनिया भाषा पढने मुल्याङ्कन गर्नुमा विद्यालयहरूलाई सहायता गर्नको लागि विकसित गरिएको अन्वेषण-आधारित मुल्याङ्कन गर्ने यंत्रहरू 2010 को अन्त तिर पूर्ण हुनेछ।

## निर्धारित विद्यालयहरू

सम्बन्धित सेवाहरू

- NCS विद्यार्थीहरू महत्वपूर्ण संख्यामा भर्ना गरिएको विद्यालयहरूलाई हाम्रो ध्यान केन्द्रित सहयोग बलियो पार्ने उद्देश्यले निर्धारित विद्यालयहरू स्थापना गरिएका हुन्। यसले अन्य विद्यालयहरू जसले पनि NCS विद्यार्थीहरू भर्ना गरेको छ, उनीहरूसित असल अभ्यासहरू र व्यवसायिक अनुभवहरू बाँड्नको निम्ति NCS विद्यार्थीहरूको लागि शिक्षण सामग्रीहरूको सहयोग र विद्यालय-आधारित सहयोग कार्यक्रमहरूको विकासमा वृद्धि ल्याउने विचार राख्दछ।

वर्तमानको उपायहरू

*निर्धारित विद्यालयहरू र विशेष अनुदानको प्रबन्ध*

- निर्धारित विद्यालयहरूको संख्या 2006/07 विद्यालय वर्षमा 15 देखि 2008/09 विद्यालय वर्षमा 22 र 2009/10 विद्यालय वर्षमा 26 बनाएको थियो।

- प्रत्येक निर्धारित विद्यालयलाई $300,000 देखि $600,000 सम्म NCS विद्यार्थीहरूको लागि विद्यालय-आधारित सहयोग कार्यक्रमहरू राख्न वार्षिक विशेष अनुदान प्रदान गरिएको छ।

| | |
|---|---|
| भविष्यको कार्यको मुल्याङ्कन | • निर्धारित विद्यालयहरूको संख्या समीक्षा गरिने छ अनि NCS विद्यार्थीहरूको पढन र शिक्षणमा सुधार ल्याउन विशेष अनुदानको प्रभावकारी उपयोग सुनिश्चित गर्नलाई उनीहरूको प्रदर्शन नियमित रूपमा निरीक्षण गरिने छ। |
| लिएको/लिनुपर्ने थप उपायहरू | • 2010/11 विद्यालय वर्षमा निर्धारित विद्यालयहरूको संख्या बढाएर 28 बनाउने छन्। आवश्यकता भएमा हामी भविष्यमा निर्धारित विद्यालयहरूको संख्या बढाइ रहने छौं। |

**NCS विद्यार्थीहरूको लागि चीनिया पढनमा विद्यालय-पछि सहयोगको प्रबन्ध**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • NCS विद्यार्थीहरूको चीनिया भाषामा ज्ञान अझै धैरै बढाउन, विशेष गरि ढीलो शुरू गर्नेहरूलाई, अनि शिक्षकहरूलाई व्यवसाहिक सहयोग दिने विचारले, विद्यालय सकेपछि अथवा विदाहरूमा उपचारात्मक कार्यक्रमहरू 2007 को बीच देखि प्रदान गरिएको छ। |
| वर्तमानको उपायहरू | • चीनिया भाषा सिक्नलाई सहयोग केन्द्र (केन्द्र), तृतीयक संस्थासित प्रतिबद्ध, 2009/10 विद्यालय वर्षमा दश वटा निर्धारित स्थानहरूमा संचालन गरेर आफ्नो सेवाहरू बढाएको छ। |
| | • केन्द्रमा भर्ना भएको NCS विद्यार्थीहरूको संख्या बढेर लगभग 350 (विद्यालय वर्ष 2008/09) देखि विद्यालय वर्ष 2009/10 मा लगभग 410 भएको छ। |
| | • उन विद्यालयहरूमा जसले NCS विद्यार्थीहरू पनि भर्ना गरेको छ, 2008/09 विद्यालय वर्षमा शिक्षकहरूको लागि 9 वटा शिक्षक ब्रिफिङ सत्रहरू आयोजित गरिएको थियो। |

| | |
|---|---|
| भविष्यको कार्यको मुल्याङ्कन | • केन्द्र द्वारा आयोजित गरिएको उपचारात्मक कार्यक्रमहरू र शिक्षक ब्रिफिङ सत्रहरू 2008/09 विद्यालय वर्षमा सफलतापूर्वक संपन्न भयो। यी भईरहने छ अनि परिवर्तन हुने परिस्थितिहरूमा समीक्षाको अन्तर्गत राखिने छ। |
| लिएको/लिनुपर्ने थप उपायहरू | • NCS विद्यार्थीहरूको लागि 20 वटा उपचारात्मक कार्यक्रमको कक्षाहरू संचालन गरिएको छ अनि 2009/10 विद्यालय वर्षमा लगभग 10 वटा शिक्षक ब्रिफिङ सत्रहरू प्रदान गरिरहने छ। |
| | • गैर- निर्धारित विद्यालयहरूमा विद्यालय-पछि चीनिया सिक्ने प्रबन्धको रूपमा हामीले NCS विद्यार्थीहरूलाई चीनिया भाषा सिक्नमा अझै सहयोग दिने योजना पनि बनाएको छौं। गैर-निर्धारित विद्यालयहरूमा पढने विद्यार्थीहरूलाई सहयोग दिने चीनिया भाषा सिक्ने सहयोग केन्द्रहरूको वर्तमानको सेवाहरू बढाउनको लागि समय दिने विचारले, NCS विद्यार्थीहरूलाई चीनिया सिक्नमा मद्दत गर्न आवेदक विद्यालयहरूलाई तीन वर्षको अवधिको लागि विद्यालय-आधारित विद्यालय-पछिको सहयोग सेवाहरू अगाडि बढाउन नगद अनुदान प्रदान गरिने छ। |

**गर्मी महीनाको कार्यक्रम**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • गर्मी महीनाको कार्यक्रमले NCS नानीहरूलाई नयाँ पढने वातावरणसित मेल खान मद्दत गर्ने, आफ्नो सिक्ने अनुभव बढाउन र साँच्चिकै अध्ययनकक्ष स्थितिमा क्यान्टोनिस् लाई शिक्षाको माध्यमको रूपमा प्रयोग गर्ने, अनि उनीहरूले महत्वपूर्ण स्तर 1 मा के सिकेको छ त्यसलाई बलियो बनाएर महत्वपूर्ण स्तर 2 को |

परिवर्तनलाई सजिलो बनाउने उद्देश्य राख्दछ।

| | |
|---|---|
| वर्तमानको उपायहरू | • 2007 को गर्मी महीना देखि शुरू भएको, 4 हफ्ताको गर्मी महीनाको कार्यक्रम बढाएको छ र आउने NCS P1 प्रवेशकहरूलाई मात्र समावेश नगरेर, P2, P3 र P4 जाने NCS विद्यार्थीहरूलाई पनि समावेश गरिएको छ। |
| भविष्यको कार्यको मुल्याङ्कन | • गर्मी महीनाको कार्यक्रममाथि समीक्षा आवश्यकताको आधारमा सन्चालन गरिने छ। |
| लिएको/लिनुपर्ने थप उपायहरू | • हामी लगातर गर्मी महीनाको कार्यक्रम आयोजित गर्नेछौं। 2010 को गर्मी महीनामा लगभग 80 वटा कक्षाहरू प्रदान गरिने योजना बनाएको छ। |

**चीनिया भाषा शिक्षकहरूको लागि प्रशिक्षण कार्यक्रम**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • प्राथमिक चीनिया भाषाको शिक्षकहरूको लागि NCS विद्यार्थीहरूलाई चीनिया भाषा शिक्षण बलियो बनाउन सहायता गर्नलाई व्यावसायिक प्रशिक्षण कोर्सहरू आयोजित गरिएको छ। |
| वर्तमानको उपायहरू | • 2006/07 विद्यालय वर्ष देखि 2008/09 विद्यालय वर्ष सम्म संचालन गरिएको प्रशिक्षण कार्यक्रम, पाँच वटा एकनासको कोर्सहरूले समावेश गरिएको थियो अनि हङकङ पॉलिटेक्निक यूनिवर्सिटीसित प्रतिबद्ध थियो। प्रत्येक कोर्सले 30 प्रशिक्षण स्थानहरू प्रदान गरेको थियो। शिक्षकहरूको सनदर्भको लागि आयोजित गरिएको कोर्सहरूको संकलन गरिएको समाग्रीहरूको |

| | |
|---|---|
| | संसाधन पैकेज EDB को वेबसाइटमा उपलब्ध छ। |
| भविष्यको कार्यको मुल्याङ्कन | • आयोजित संचालित गरिएको कोर्सहरू अनि गैर-चीनिया भाषी विद्यार्थीहरूको लागि चीनिया भाषा पाठ्यक्रमको हालैमा प्रकाशित पूरक मार्गदर्शकबाट लिएको रायलाई ध्यानमा राखेर कार्यक्रमहरूको विषयसूची संसोधन गरिने छ। |
| लिएको/लिनुपर्ने थप उपायहरू | • प्रशिक्षण कार्यक्रम भइरहने छ। |

## उच्च शिक्षाको लागि NCS विद्यार्थीहरूको अभिलाषा पूरा गर्नको निम्ति बैकल्पिक उपायहरू

*माध्यमिक शिक्षाको जनरल सर्टीफिकेट (GCSE) चीनिया*

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • NCS विद्यार्थीहरूको अभिलाषा पूरा गर्नलाई बैकल्पिक चीनिया योग्यता प्रदान गर्न 2007 देखि हङकङमा माध्यमिक शिक्षाको जनरल सर्टीफिकेट (चीनिया) परीक्षा प्रशासित भएको छ। यो विशेष गरी उनीहरूको लागि हुन् जसले चीनिया पढन् ढीलो शुरू गरेको छ अथवा स्थानीय चीनिया पाठ्यक्रम पढ्न धेरै अवसरहरू पाएका छैनन्। |
| वर्तमानको उपायहरू | • हङकङ परीक्षाहरू अनि मुल्याङ्कन अधिकारी द्वारा माध्यमिक शिक्षाको जनरल सर्टीफिकेट (चीनिया) परीक्षा प्रशासित भएको छ। 2010 देखि शुरू भएको, माध्यमिक शिक्षाको जनरल सर्टीफिकेट (चीनिया) परीक्षालाई यस प्रकार आर्थिक सहायता दिएको छ कि |

परीक्षामा बस्ने योग्य विद्यालय उम्मेद्वारहरूको लागि परीक्षाको शुल्क स्तर हङकङ शिक्षा परीक्षा सर्टीफिकेटको चीनिया भाषा पेपर अथवा भविष्यमा माध्यमिक शिक्षाको हङकङ डिप्लोमासित बराबरी हुनेछ।

भविष्यको कार्यको मुल्याङ्कन

- उचित भएमा हामी अझै धेरै NCS विद्यार्थीहरूलाई बैकल्पिक चीनिया योग्यता प्राप्त गर्नको लागि परिक्षामा बस्ने प्रोत्साहन गर्नेछौं।

लिएको/लिनुपर्ने थप उपायहरू

- यस सम्बन्धमा हामी NCS विद्यार्थीहरूको आवश्यकताहरू ध्यानमा राखिरहने छौं।

*S6 मा भर्नाको लागि बैकल्पिक चीनिया भाषा योग्यता*

सम्बन्धित सेवाहरू

- बैकल्पिक चीनिया योग्यताहरूलाई विचार गर्न माध्यमिक 6 (S6) भर्ना विधिको अधीनको विद्यालयहरू।

वर्तमानको उपायहरू

- 2008 को परीक्षात्मक अवधि पछि, 2009 देखि शुरू भएको, बैकल्पिक चीनिया भाषा योग्यता (हरू) भएको योग्य S6 विद्यार्थीहरूलाई विचार गर्न अनि प्रत्येक वर्ष अगस्तको अन्त तिर निक्लिने सम्बन्धित परीक्षाहरूको परिणाम नभए सम्म यदि विद्यार्थीहरूले निर्दिष्ट शर्तहरू पूरा गरेको छ , र आफ्नो समकक्षसित तुलना गर्दा बराबरको अंकले भर्नाको आवश्यकताहरू सबै पूर्ण गरेको छ भने यी विद्यार्थीहरूलाई S6Sको भर्ना विधिको प्रत्येक स्तरमा प्रतिबंधात्मक प्रस्तावहरू दिन विद्यालयहरूलाई आवश्यक छ।

भविष्यको कार्यको

- उचित विवरण जम्मा गरिने छ।

मुल्याङ्कन

लिएको/लिनुपर्ने थप उपायहरू • नयाँ शैक्षणिक संरचना शुरू भएपछि लागू हुने छैन।

*विश्वविधालयमा भर्नाको लागि बैकल्पिक चीनिया भाषाको योग्यता*

सम्बन्धित सेवाहरू • विश्वविद्यालय अनुदान समिति (UGC) - ले संयुक्त विश्वविद्यालय कार्यक्रम भर्ना प्रणाली (JUPAS) को अधीनमा पूर्वस्नातक कार्यक्रमहरूको भर्नाको लागि बैकल्पिक चीनिया भाषा योग्यताहरू विचार गर्नलाई संस्थाहरूमा कोष दिएको छ।

वर्तमानको उपायहरू • 2008 देखि शुरू भएको, विश्वविद्यालय अनुदान समिति द्वारा कोषित संस्थाहरूले बैकल्पिक चीनिया भाषा योग्यता (हरू) को स्वीकृतिको लागि संयुक्त विश्वविद्यालय कार्यक्रम भर्ना प्रणालीको अधीन निर्दिष्ट परिस्थितिहरूमा अझै बढी लचीलोपन प्रदान गरेको छ। हाम्रो स्थानीय विद्यालयहरूमा अध्ययन गर्ने NCS विद्यार्थीहरूको उच्च शिक्षाको लागि अभिलाषा व्याख्यान गर्न यो महत्वपूर्ण कदम हो।

भविष्यको कार्यको मुल्याङ्कन • नयाँ उच्च माध्यमिक कोर्सको अधीनमा निर्दिष्ट परिस्थितिहरू पूर्ण गरेको विद्यार्थीहरूको लागि विश्वविद्यालय अनुदान समिति - द्वारा कोषित संस्थाहरूले बैकल्पिक चीनिया भाषाको योग्यता (हरू) स्वीकार गरिरहन मन्जूर गरेको छ।

लिएको/लिनुपर्ने थप उपायहरू • उपयुक्त छैन किनकि नयाँ उच्च माध्यमिक कोर्सको अधीनमा, निर्दिष्ट परिस्थितिहरू पूर्ण गरेको विद्यार्थीहरूको लागि विश्वविद्यालय अनुदान समिति - द्वारा कोषित संस्थाहरूले बैकल्पिक चीनिया भाषाको योग्यता (हरू) स्वीकार गरिरहन

मन्जूर गरेको छ।

## NCS आमा बाबु/विद्यार्थीहरूको लागि जानकारी

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • NCS आमा बाबु/विद्यार्थीहरूलाई हाम्रो विद्यालय प्रणाली, मुख्य शिक्षा नितिहरू र सम्बन्धित शिक्षा सेवाहरू बुझ्नमा सहायता गर्न हो। |
| वर्तमानको उपायहरू | *गैर-चीनिया भाषी आमा बाबुको जानकारी पैकेज*<br>• मुख्य अल्पसंख्यक जातीय भाषाहरूमा गैर-चीनिया भाषी आमा बाबुको जानकारी पैकेज आमा बाबुहरूलाई विद्यालयहरू र मातृ एवं शिशु स्वास्थ्य केन्द्रहरू द्वारा बनाइएको र बाडिएको छ। NCS आमा बाबुहरू/विद्यार्थीहरूको लागि सहायता बढाउन यो गैर-सरकारी संगठनहरू र सम्बन्धित कार्यलय/विभागहरूलाई पनि बाडिएको छ।<br>*सम्पर्कमा सजिलो बनाउनलाई अन्य उपायहरू*<br>• सम्बद्ध जानकारी, जस्तै सम्बद्ध विद्यालय विभाजन प्रणालीहरूको अधीनको प्राथमिक 1 र माध्यमिक 1 को लागि आवेदनहरू अनि NCS विद्यार्थीहरूको लागि चीनिया पाठ्यक्रमको पूरक मार्गदर्शकको सारांश, मुख्य अल्पसंख्यक जातीयको भाषाहरूमा अनुवाद गरिएको छ।<br>• ब्रिफिङ सत्रहरू आयोजित गर्दा समकालिक दोभाषे सेवा प्रदान गर्दछ र, आवश्यक भएमा, मुख्य अल्पसंख्यक जातीय भाषाहरूमा दोभाषे सेवाको प्रबन्ध गर्न सकिन्छ। |

*समर्पित वेबसाइट*

- उपलब्ध भएको सेवाहरूको बारेमा NCS आमा बाबुहरूलाई बुझ्न सजिलो बनाउन http://www.edb.gov.hk/ncs मा एउटा समर्पित वेबसाइट उपलब्ध छ।

भविष्यको कार्यको मुल्याङ्कन

- जानकारी पैकेज, अन्य पर्चाहरू वा वेबसाइटमा राय आवश्यकताको आधारमा लिइने छ।

लिएको/लिनुपर्ने थप उपायहरू

- आमा बाबुको जानकारी पैकेज र अन्य जानकारी पर्चाहरूको अद्यतन जब आवश्यक हुन्छ तब गरिने छ।

**निष्कर्ष**

हामी माथिको उपायहरूको अद्यतन गर्नेछौं अनि जब उचित हुन्छ तब अन्य उपायहरू समावेश गर्नेछौं।

**शिक्षा ब्यूरो**
**अप्रेल 2010**